नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९                                                   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०    अंक ११४    २०७७ साल मंसिर १५ गते सोमबार (30 Nov. 2020  Monday)    मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जवर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : कोरोना अनुभव : यस्तो पो.. ३ पृष्ठमा : बैकल्पिक प्रणालीमा ६४ ... ३ पृष्ठमा :अफगानिस्तानमा आत्मघाती ...

# कनकपट्टीमा ३४ सुकुम्वासी दलित परिवारका लागि सुरक्षित भवन निर्माण हुँदै



**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. २ कनकपट्टीमा ३४ सुकुम्वासी दलित परिवारका लागि सुरक्षित भवन निर्माण कार्य भइरहेको छ ।

जमिनमा ढुंगा तथा सिमेन्टबाट घरको सतह उच्च बनाई बाढीको जोखिमबाट समेत सुरक्षा दिनेगरि निर्माण कार्य भइरहेको छ । दुई कोठे घरमा भान्सासहित तथा छुट्टै शौचालयको व्यवस्था पनि गर्न लागेको महुली सामुदायिक विकास केन्द्रका कार्यकारी निर्देशक प्रभु नारायण चौधरीले जानकारी दिएका छन् ।

घरको चारैतिरको भित्तामा बाँसको भाटा कलात्मक ढंगबाट जडान गरि टिनको छाना भएको कोठाहरु निर्माणमा संस्थालाई मुख्य सहयोगि एवं साझेदारी संस्थाको रुपमा रहेको ह्याविटेट फर हयुमिनिटी तथा शम्भुनाथ नगरपालिकाले आर्थिक रुपमा सहयोग गरिरहेको उनले बताए ।

यता नगरपालिकासँगको समन्वयमा एलानी जग्गामा निर्माण गर्न लागिएको घरमा विद्युत, स्वच्छ खानेपानी सेवाका साथै जग्गा भोगाधिकार सम्बन्धी आवश्यक प्रक्रिया सुरु गर्नका लागि आइतबार केन्द्रले एक अन्तरक्रिया कार्यक्रमको आयोजना समेत गरि सहयोगका लागि सबैपक्षसँग आग्रह गरेको संस्थाका उपाध्यक्ष आशाकुमारी चौधरीले जानकारी दिए ।

कार्यक्रमका मुख्य सहयोगि एवं साझेदार संस्था ह्याविटेट फर हयुमिनिटी नेपालका इन्जिनियर राजिव बर्माले प्रति घर झण्डै ३ लाख २५ हजार लागत पर्ने अनुमान गरिएको बताउँदै विपद्का बेला जोखिमबाट जोगिन अहिले बन्दै गरेको भवन सुरक्षित हुने उनको दाबी छ ।

मुख्य साझेदार संस्था ह्याविटेट फर हयुमिनिटि नेपालका प्रतिनिधि रामप्रसाद सिंह दनुवारले सुरक्षित आवासमा सबैको पहुँच पु¥याउने उद्देश्यले यस कार्यक्रमलाई भावी दिनमा सिरहा र धनुषातर्फ पनि बिस्तार गर्ने योजनाका साथ गृहकार्य भइरहेको जानकारी दिए ।

यसैबीच आफ्नै आगनमा बन्दै गरेको सुरक्षित भवन देखेर सप्तरीको शम्भुनाथ नगरपालिका २ कनकपट्टीकी ५० वर्षिया लक्ष्मीदेवी सदाय भनिन्, "अब वर्षा, हावाहुरी तथा अन्य विपद्बाट जोगिन संस्थाले बनाइदिएको नयाँ घरबाट निकै खुशी र हर्षित छु ।"

यस्तै सोही बस्तिका धर्मदेव सदायले वर्षेणी बाढीका कारण घरबार छाडेर सुरक्षित स्थानमा भाग्नु पर्ने बाध्यता अब हट्ने सोचेर उनी पनि दंग छन् ।


*बाँकी अन्तिम पृष्ठमा*

## सूचना । सूचना ॥ सूचना ॥।

हाम्रो कृषि सहकारी संस्था लि. राजविराज वडा नं. ७ को मिति २०७७/०८/०९ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम मिति २०७७/०८/२६ गते बिहान १० बजे संस्थाको ११ औं बार्षिक साधारण सभा संस्थाको कार्यालयमा हुने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुमा यो सूचना जारि गरिएको छ ।

**भवदीय**
**हाम्रो कृषि सहकारी संस्था लि.**
**राजविराज ७, सप्तरी**



## सम्पादकीय

### धान काट्ने आधुनिक मेशिन भित्राउनेतर्फ ध्यान पुगोस्

अहिले किसानहरु बाध्यताकाबीच धान काट्न ब्यस्त छन् । उचित सिचाईको व्यवस्था, मलखाद तथा कामदारको अभावका बीच किसानहरुले निकै कष्टगरि रोपेको धान काटिरहेका छन् । जति धान रोप्न कष्ट गरे किसानले त्यती नै अहिले धान काट्न उनीहरुलाई कठिनाई भइरहेको छ । रोजगारीका लागि यूवाहरु बिदेश पलायन भएपछि अहिले धान काट्ने कामदारको अभाव समेत भएको छ । तर पनि किसानहरु बाध्य भई जसोतसो धान काटिरहेका छन् ।

अहिले आधुनिक कृषिको कारण किसानहरुले केही राहत पाएका छन् । तर, सबै किसानले चाहेर पनि आधुनिक कृषिको उपयोग गर्न पाइरहेका छैनन् । कीन भने उनीहरु अहिले पनि सो पहुँचबाट टाढा छन् । सप्तरीमा धान र गहुँ काट्ने आधुनिक मेशिन भित्रिएपछि एकै क्षणमा बाली काटिन्छ । तर, यो मेशिन जिल्लामा रहेको छैन् । अन्य जिल्लाबाट धान र गहुँ काट्ने समयमा आउने गर्छ । यसले केही घण्टामै बिगहाका बिगहा बाली कटान गर्न सक्छ । यस्तो आधुनिक मेशिनले किसानहरु निकै राहत पाएका छन् ।

सप्तरीका १८ वटै स्थानिय तह मध्ये कसैले यस्तो आधुनिक मेशिन भित्राउन सकेको छैन् । जिल्लावासीलाई कृषिमा विकास तथा सहज पुऱ्याउने उद्देश्यले स्थानिय पालिकाहरुले यस्ता मेशिन भित्राउनतर्फ ध्यान पुऱ्याउनु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोना अनुभव : यस्तो पो सरकारी अस्पताल ! स्वास्थ्यकर्मी हुनु त ...

काठमाडौं, १४ मङ्सिर (रासस) । चिटचिट पसिनाले गन्जी चिसो भयो । रिँगटा चल्न थाल्यो । मैले यतिविघ्न टाउको दुखेको जीवनमा कहिल्यै अनुभव गरेको थिइन । ज्वरोको तापक्रम १०० डिग्रीभन्दा माथि नै थियो ।

उठ्न कोशिस गरेँ । खुट्टा टेकिएनन् । छिप्पिँदो रातले बिहानीको प्रतीक्षा गर्दै थियो । कसलाई के भनौं ? लाग्यो जीवन यति नै रहेछ कि ! श्वासप्रश्वासमा अप्ठ्यारो छँदै थियो । कोठा उज्यालो थियो । आशाका किरण धपक्क निभे । आँखा घुमे, जता हेऱ्यो, सर्वत्र अन्धकार । साहस हराउँदै थियो ।

कोठाको अर्को कुनामा रहेकी जीवनसङ्गिनी निदाउने प्रयासमा थिइन् । उनी स्वयं कोभिडसँग जुध्दै थिइन् । परिवारजन, इष्टमित्र, साथी तथा छरछिमेकी सम्झेँ । भरैभरमा टिकेको जीवनजगत् न समाउने ठाउँ, न अडिने स्थान देखेँ । आधार सकिएको जस्तो लाग्यो । कतिपयका फोनको जवाफ पाएर लाग्यो, आफन्त र साथीसङ्गी भनेका त सुखका लागिरहेछन् कि ! दुईदशक भन्दाबढी कस्तो पत्रकारितामा बिताएछु ? भन्ने प्रश्नले मलाई गिज्याइरह्यो । पछिल्ला दशकमा स्वास्थ्य पत्रकारितामा रमाउँदा पाएका सफलता क्षणिक लाग्यो ।

अन्तिम विकल्प चिकित्सकलाई सम्झेँ । फोनमा पहिलो चिनजान र कुराकानी गरेका चिकित्सकलाई मध्यरातमा फोन लगाएँ । दुई घण्टीमा नै उहाँले फोन उठाइदिनुभयो । सुन्दर जीवन सकिएको रहेनछ । आशा पलायो । सबैका मन कहाँ उस्तै हुँदोरहेछ र ! स्वार्थको भीडमा मानवता सजिलै कहाँ हराउँदो रहेछ र ?

"शरीर कमजोर पार्न सक्छ । अक्सिजन लेबल झरेको हुन सक्छ । झ्याल बन्द छन् भने खुला गरिदिनुस् । घोप्टो परेर सुत्नु होला । झोलिलो खानेकुरा जति सकिन्छ खानुहोला । आफूलाई सम्हाल्ने प्रयास नछाड्नुहोला । नआत्तिनुहोला । श्वासप्रश्वासमा अप्ठ्यारो हुँदै गयो भने म छु, तुरुन्त केही व्यवस्था गरौँला । सिटामोल खाइहाल्नुहोस्", डा प्रवीन नेपालले फोनमा सुझाउँदै जानुभयो । यसैलाई पालना गरेँ । रातले बिहानीको सङ्केत गर्दै थियो । पीडा कम हुँदै गयो । घोप्टो परेर सुत्दा अक्सिनको मात्रा बढ्ने रहेछ । सूर्योदयसँगै नयाँ जीवनको शुरुआत भएको महसुस गरेँ । कोरोना मसँग अवश्य पराजित हुन्छ र गर्छु भन्ने दृढता उर्लेर आयो । 'चिकित्सक भगवान् हुन्' भन्ने कुरा यसै भनिएको रहेनछ । स्वास्थ्यकर्मीको मीठो बोली, सहज उपलब्धता, सरल व्यवहारले सङ्क्रमितको मनोबल उच्च हुँदोरहेछ । यही कुरा सङ्क्रमितले स्वास्थ्यकर्मीबाट अपेक्षा गरिराखेका हुन्छन् । यसले कोरोनालाई परास्त गर्न सामर्थ्य प्राप्त हुँदोरहेछ । मेरो अनुभव यही रह्यो ।

हँसिलो अनुहार र मिठास बोलीका धनी डा नेपालसहित एपिएफ अस्पताल बलम्बुमा कार्यरत युवा चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीका टोलीले कोरोना सङ्क्रमितका उपचारमा समर्पण गर्नुभएको सेवा र प्रतिबद्धता अन्य स्वास्थ्यकर्मीलाई उदाहरणीय बन्नसक्छ । उहाँहरुको सेवाभाव, बोली र व्यवहारले पछिल्लो समय अस्पतालको नाम र प्रतिष्ठालाई उँचो बनाएको छ ।

**'आफ्नो शचया बिरामीलाई छाडेर घर रोजे'**

गत चैतदेखि अस्पताल व्यवस्थापनले कोभिड र अन्य बिरामीलाई सहज उपचार सेवाका लागि अलगअलग नयाँ मार्गदर्शन लागू गरेको थियो । यसले अस्पतालको सेवा अझ छिटोछरितो र चुस्त पारेको छ । अस्पतालले भर्ना भएका कोरोनाका बिरामीलाई आवश्यक सबै सन्तुष्टि दियो र दिँदैछ । बिरामीले निजी अस्पतालमा जस्तो दैनिक हजारौं खर्च गर्दा नपाइने चिकित्सकीय सेवा, खानपान तथा अन्य बन्दोबस्ती निःशुल्क पाएँ । अस्पतालबाट कोरोनालाई जितेर घर फर्किनेहरु भन्छन्, "अस्पताल हुनु त यस्तो पो । पुनर्जन्म लियौँ । धन्य ! एपिएफका स्वास्थ्यकर्मी र व्यवस्थापक । चाहे के गर्न नसकिँदो रहेछ र ? उपचार सेवा, स्वास्थ्यकर्मीका बोली व्यवहार, खानपान र भौतिक बन्दोबस्ती व्यवस्थामा अभाव छैन ।" हालै १० दिन अस्पतालमा भर्ना भई ज्वरो निको हुनुभएका धादिङ सिद्धलेक गाउँपालिका- ७ का राममणि खतिवडाले भन्नुभयो, "सरकारी अस्पताल हुन त एपिएफ जस्तो । स्वास्थ्यकर्मीका सेवा, मीठो बोलिवचन, सरसफाइ र खाना राम्रो लाग्यो । बिरामीलाई उपचार त छँदैछ, स्वास्थ्यकर्मी र व्यवस्थापकले बिरामीको पीडालाई राम्ररी बुझ्ने गर्नुहुँदोरहेछ ।"

उपचार सेवा त उत्कृष्ट छँदैछ । स्वास्थ्यकर्मीले गर्ने व्यवहार, खानपान र सरसफाइ असाध्यै राम्रो रहेको कोरोनालाई जितेर घर फर्किएकाले राससलाई प्रतिक्रिया दिएका छन् । अस्पतालमा कोभिड-१९ को स्थानीय स्रोत व्यक्तिसमेत रहनुभएका वरिष्ठ शल्यचिकित्सक नेपालले विजयादशमी मनाउन पाउनुभएन । उहाँ कोरोना सङ्क्रमित हुनुभयो । "आफू सङ्क्रमित हुँदा मलाई सङ्क्रमितका पीडासँग अझ नजिक पुऱ्यायो । घरमै आइसोलेशनमा बस्दा सामाजिक सञ्जाल र टेलिफोनमार्फत बिरामीलाई दिनरात नभनी चिकित्सकीय ज्ञान र औषधि भनिदिएँ", उहाँले भन्नुभयो, "तपाईलाई सल्लाह दिएको रात म पनि आइसोलेशनमै थिए । पोजेटिभ देखिएको दुई/तीन दिन मात्र बितेको थियो । केही अप्ठ्यारो मलाई थियो । सहकर्मी चिकित्सकले अस्पतालमा बस्न आग्रह गरेका थिए । आफूभन्दा जटिल बिरामी अस्पतालमा भर्ना भएका थिए । आफ्नो शचया बिरामीलाई छाडेर आइसोलेशन बस्न घर रोजेँ ।"

उहाँले कोरोना उपचार र अस्पतालको समग्र व्यवस्थापनमा तल्लीन हुँदाहुँदै सङ्क्रमणसित जुध्नुपऱ्यो । ठट्टा गरी हाँस्दै भन्नुभयो, "कोभिडमा काम गर्नेले कोभिड हुनुपर्दोरहेछ । यसबाट समग्र व्यवस्थापनमा छिटो सुधार गर्न थप बल मिल्ने रहेछ ।"

विसं २०६२ मा स्थापित अस्पतालले पछिल्लो समय आफ्ना चिकित्सक, नर्स, प्रयोगशालाकर्मी, प्यारामेडिक्स, सरसफाइ र अन्यकर्मचारीलगायत ४४८ जनशक्तिलाई तालिम प्रदानगरी कोभिडमा केन्द्रित गराएको छ । अस्पतालमा कार्यरत डा आशीष थापाले भन्नुभयो, "शुरुआती दिनमा कोरोना उपचारसित सम्बन्धि मार्गनिर्देशन तथा उपकरणको कसरी व्यवस्थापन गर्न चिन्ता भयो । सरकार र अस्पताल व्यवस्थापनका उच्च नेतृत्वबाट द्रुत काम भयो । हामी चिकित्सकलाई पनि सामान्य डर र त्रास त छँदै थियो । कोरोना सङ्क्रमित भइन्छ कि भन्ने भय हुन्थ्यो । केही भयका बीचमा बिरामी परीक्षण गर्न लाग्यौं । बिस्तारै बानी पर्दै गयो । अहिले कोरोना बिरामीको उपचारमा समस्या छैन ।" अस्पतालबाट कोरोना जितेर घर फर्किन लाग्दा बिरामीले व्यक्त गरेको खुशी नै सम्पत्ति हो, यहीमा आनन्द आउँदो रहेछ र बिरामीलाई निको बनाउनु नै चिकित्सकको सफलता हो उहाँ भन्नुहुन्छ ।

सरकारको निर्णयअनुसार एपिएफ अस्पतालले महामारीलाई ध्यान दिँदै १२० शचयाको आइसोलेशन वार्ड, २० शचयाको सघन आइसियु र आठ भेन्टिलेटर सञ्चालनमा ल्याएको छ । नेगेटिभ प्रेसर ज्याब्बर भएको सो सो आइसियु र भेन्टिलेटर विश्वकै उत्कृष्टमध्येमा पर्दछ । विश्व स्वास्थ्य सङ्गठनले कोरोना उपचारका लागि जारी गरेका कोभिड-१९ मार्गदर्शनलाई अस्पतालले अक्षरशः कार्यान्वयनमा उतारेको छ । मन्त्रिपरिषद्को गत चैत ९ गतेको बैठकले अस्पताललाई कोभिड-१९ को पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार एकीकृतरुपमा गर्न 'डेडिकेटेड' अस्पतालका रुपमा तोक्ने निर्णय गरेको थियो ।

गत वैशाख ३१ गते पहिलो कोरोना सङ्क्रमित सो अस्पतालमा भर्ना भएका थिए । अस्पतालका वरिष्ठ हाडजोर्नी समेत रहनुभएका फोकल पर्सन डा नेपालका अनुसार ती बिरामी १६ दिनमा अस्पतालबाट घर फर्किएका थिए । हालसम्म कोरोनाका सामान्य लक्षण, शङ्कास्पद तथा श्वासप्रश्वासका गम्भीर समस्या भएका एक हजार ९२० बिरामीलाई अस्पतालले सेवा दिइसकेको छ । तीमध्ये अस्पतालमा हालसम्म भर्ना भई घर फर्किने बिरामीको सङ्ख्या एक हजार ७६७ पुगिसकेको जनाइएको छ । यसैगरी अस्पतालले हालसम्म १४ हजार २९४ जनाको स्वाब सङ्कलन गरी पिसिआर परीक्षण गरेको जनाएको छ ।

अस्पतालले हाताभित्र रहेका तीन भवनलाई आइसोलेशन कोभिड वार्डमा रुपान्तरण गरेको छ । फरकफरक विधाका ६२ जना युवा चिकित्सक कार्यरत अस्पतालमा सघन उपचार कक्ष, प्रयोगशाला, रेडियोलोजी र फार्मेसी सेवाको समन्वकारी भूमिकाले अस्पतालको सेवालाई अझ प्रभावकारी बनाएको छ । अर्बुदरोग, मधुमेह, मुटुरोग जस्ता दीर्घ रोग पनि भएका कोरोना सङ्क्रमितलाई अस्पतालले निको बनाई घर पठाइदिएको छ । अस्पतालमा कार्यरत डा रोशन पराजुलीले भन्नुभयो, "१५ दिनको नवजात शिशु, ९२ वर्षीय वृद्ध, गर्भवती तथा सुत्केरीको सफल उपचार गरेका छौँ ।"

उहाँका अनुसार कोरोना उपचारको अतिरिक्त अस्पतालले छुट्टै भवनबाट आफ्ना हिताधिकारीलाई नियमित सेवा जारी राखेको छ । यसका लागि अस्पतालले जनशक्तिलाई आलोपालो कार्यतालिकासमेत बनाएको छ ।

**एपिएफ अस्पताल रिफर सेन्टर**

कोरोना उपचारमा प्राप्त गरेको सफलतासँगै अस्पतालमा सरकारी तथा निजी अस्पतालबाट रिफर गर्ने बिरामीको सङ्ख्या बढी र एपिएफबाट अन्य अस्पतालमा स्थानान्तरण गर्ने बिरामी कम छ । "यो हाम्रा लागि चुनौती र अवसर दुवै हो", वरिष्ट सर्जन समेत रहनुभएका डा नेपालले भन्नुभयो । उहाँका अनुसार काठमाडौँ उपत्यकाभित्रका ठूला सरकारी र केन्द्रीय अस्पताल तथा विभिन्न निजी क्षेत्रका अस्पताल र मेडिकल कलेजले ७० बिरामीलाई एपिएफमा रिफर गरेका थिए । रिफर गरेका सरकारी तथा निजी क्षेत्रका अस्पतालमा पनि कोभिडका बिरामीको उपचार हुने गर्छ । स्वास्थ्य मन्त्रालयको समन्वय, सम्बन्धित स्वास्थ्य संस्थाको अनुरोध र बिरामीका इच्छाले एपिएफ अस्पतालले १३ कोरोना सङ्क्रमितलाई अन्य अस्पतालमा स्थानान्तरण गरेको थियो ।

अस्पतालले पहिलोपटक गत असोज २ गते हेमोडायलिस उपचार सेवा पनि शुरुआत गरेको छ । कोभिडका गम्भीर बिरामीका लागि सो सेवा अति महत्वपूर्ण मानिन्छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सँगको समन्वयमा प्लाज्मा थेरापी तथा रेम्डीसिभिर औषधि जस्ता पछिल्लो आधुनिक उपचार सेवा कार्यान्वयनमा ल्याएको छ । हालसम्म ४४ जनाको प्लाज्मा थेरापीमार्फत उपचार भइसकेको जनाइएको छ ।

**अस्पतालमा कम मृत्यु**

अस्पतालका अनुसार कोरोनाबाट अस्पतालमा हालसम्म ४२ जनाको मात्र मृत्यु भएको छ । अन्य कोभिड अस्पतालको तुलनामा यो मृत्यु सङ्ख्या कम रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । फोकल पर्सन डा नेपालका अनुसार मृत्यु हुनेमा लगभग ७० प्रतिशत दीर्घरोगी छन् ।

"अस्पतालमा आएका बिरामीको मृत्यु नहोस् भन्ने हाम्रो पहिलो उद्देश्य हो, यसैमा हाम्रो सम्पूर्ण जनशक्ति केन्द्रित छ । गम्भीर अवस्थामा अस्पताल आएका कारण मृत्यु बढी देखिएको हो । अन्य अस्पतालका तुलनामा मृत्यु सङ्ख्या कम रहेको छ । कतिपय त एम्बुलेन्समा नै मृत्यु भएर पनि अस्पताल आइपुग्दछन्", उहाँले भन्नुभयो ।

# बैकल्पिक प्रणालीमा ६४ प्रतिशत विद्यार्थीको सिकाइ प्रभावहीन : अध्ययन

काठमाडौँ, १४ मङ्सिर (रासस) ।

कोभिड-१९ महामारीपछि सञ्चालित वैकल्पिक प्रणालीको सिकाइमा ६४ दशमलव ३ प्रतिशत बालबालिकाको सिकाइ प्रभावहीन भएको एक अध्ययनले देखाएको छ । उनीहरु घरमै सिकाइ क्रियाकलापमा संलग्न भए पनि विद्यालय, शिक्षक तथा सूचना प्रविधिको सहयोगको अभावमा उनीहरुले अर्थपूर्ण सिकाइ हासिल गर्न नसकेको पाइएको हो । सिकाइ प्रभावकारी नहुँदा यसको शिक्षामा दीर्घकालीन असर पर्न सक्ने विज्ञहरुको भनाइ छ ।

शैक्षिक नागरिक क्षेत्रको साझा सञ्जाल 'शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ) नेपाल' ले 'नेपालका सार्वजनिक विद्यालयमा कोभिड-१९ को असर' विषयक विभिन्न प्रदेशका सात जिल्लाका स्थानीय तहमा गरेको अध्ययनले शिक्षकलाई वैकल्पिक माध्यमको सिकाइबारे तालीम अपर्याप्त नभएको पनि जनाएको छ ।

सरकारले महामारीको स्थितिमा पनि शैक्षिक सत्रलाई खेर जान नदिन सूचना तथा सञ्चार प्रविधिको सहायतामा सञ्चालन हुने गरी वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गरेको थियो भने हाल स्वास्थ्य जोखिमको अवस्था मूल्याङ्कन गरी स्थानीय तहले विद्यालय खोल्न सक्ने गरी विद्यालय सञ्चालन कार्यढाँचा, २०७७ जारी गरेको छ ।

एनसिइ नेपालका लागि शिक्षाकर्मी डा सुरेश गौतम, डा इन्द्रमणि राई, सनम मास्के, राजेन्द्र पहाडी, जनक पन्तसहितको टोलीले गरेको सो अध्ययनले चितवनबाहेक अन्य जिल्लाका २५ प्रतिशत विद्यालयबाट मात्रै वैकल्पिक सिकाइका लागि विद्यार्थीले सहयोग पाएको देखाएको छ । झापा, चितवन, पर्सा, रुपन्देही, पर्वत, दैलेख, बाजुराका स्थानीय तहका कक्षा ४, ८ र ९ का विद्यार्थीसँग अनलाइन सर्वेक्षणसमेत गरिएको सो अध्ययनमा ३३५ अभिभावक, ३५० विद्यार्थी र ८५ जना प्रधानाध्यापक सहभागी थिए ।

पर्सामा बाहेक अन्य जिल्लाका ९४ प्रतिशत अभिभावकले अभिभावक शिक्षा नपाएको देखाएको अनुसन्धानकर्ता डा गौतम र डा राईले बताउनुभयो । झापामा आमा समूह परिचलान गरी अध्ययन केन्द्रहरु सञ्चालन गरिएको र रुपन्देहीमा साना बालबालिका खेलेर तथा ठूला बालबालिकाले प्रायः सुतेर बन्दाबन्दीको समय बिताएको अध्ययनले उजागर गरेको छ । अध्ययन प्रतिवेदनले ७५ देखि १०० प्रतिशतसम्म विद्यार्थीले पाठ्यपुस्तक पाए पनि अन्य शैक्षिक सामग्री नपाएका जनाएको छ । शिक्षकहरु घरदैलोमा पुगेर विद्यार्थीलाई गृहकार्य दिएका ठाउँमा भने ४४ प्रतिशत विद्यार्थीले गृहकार्य पूरा गरेको देखिएको छ भने सिकाइ निरन्तरताका लागि केन्द्र, प्रदेश र स्थानीय तहको भूमिका र समन्वय अभाव भएको उल्लेख छ । प्रतिवेदनमा ७० प्रतिशत अभिभावकले वैकल्पिक सिकाइमा आफ्ना विद्यार्थी संलग्न नभएको तर स्वाध्यायन कार्यमा भने संलग्न रहेको जनाइएको छ ।

अध्ययनअनुसार ६० देखि ९२ प्रतिशत प्रधानाध्यापक र शिक्षकले वैकल्पिक सिकाइको प्रवर्द्धनका लागि योजना बनाए पनि समुदायस्तरमा सिकाइ कार्यक्रम दिएका छैनन् । विभिन्न जिल्लामा ५० देखि ७५ प्रतिशत बालबालिका अभिभावक र मार्गदर्शनमा घरमै स्वाध्यायन क्रियापलापमा संलग्न भएका छन् भने ६० देखि ९१ प्रतिशतसम्म बालबालिकामा वैकल्पिक माध्यमका रेडियो, टेलिभिजन, मोबाइल र कम्पयुटर इन्टरनेट जस्ता साधनमा पहुँचको अभाव भएको पाइएको छ ।

शिक्षाविद् डा विद्यानाथ कोइरालाले नीति, योजना र कागजी निर्णयमा सरकार र सम्बन्धित निकाय सक्रिय रहे पनि विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि आफ्नोतर्फबाट पहल गर्न शिक्षकहरु चुक्न नहुने बताउनुभयो । उहाँले गैरसरकारी क्षेत्रबाट पनि ध्यानाकर्षण गराउने र आवाज उठाउने बाहेक सिकाइ सामग्री तथा स्रोत साधनका लागि सहयोगमा सन्तोषजनक काम नभएको टिप्पणी गर्नुभयो ।

एनसिइ नेपालका अध्यक्ष डिल्लीराम सुवेदीले अध्ययनले तीनै तहका सरकारले वैकल्पिक सिकाइ निर्देशिका र नीतिको व्यावहारिक कार्यान्वयन पक्ष कमजोर रहेको देखाएकाले शिक्षाको अधिकार सुनिश्चित गर्न ती सरकारहरु गम्भीर हुनुपर्ने बताउनुभयो । शिक्षा अधिकारकर्मी बाबुकाजी श्रेष्ठले विषम स्थितिमा सरोकार भएका सबै पक्षबाट सिकाइ सहजीकरण गराउन सुझाव दिनुभयो । एनसिइ नेपालका पूर्व अध्यक्ष राजकुमार गन्धर्वले नेपालमा योजना र नीति तर्जुमा गर्नेहरुको कमी नभए पनि सेवा प्रवाह र नीतिको कार्यान्वयनका लागि सम्बन्धित पक्ष कमजोर रहेको अध्ययनले देखाएकाले त्यस पक्षमा सुधार हुनुपर्ने बताउनुभयो ।

# महासंघको वरिष्ठ उपाध्यक्षमा ढकाल विजयी

काठमाडौँ, १४ मङ्सिर (रासस) ।

नेपाल उद्योग वाणिज्य महासङ्घको वरिष्ठ उपाध्यक्षमा व्यवसायी चन्द्रप्रसाद ढकाल निर्वाचित हुनुभएको छ । आइतबार बिहान सम्पन्न मतगणनामा ढकालले आफ्ना प्रतिद्वन्द्वी किशोर प्रधानलाई पराजित गर्नुभएको हो । महासङ्घको नयाँ नेतृत्वका लागि शनिबार निर्वाचन भएको थियो ।

महासङ्घको निर्वाचन समितिका अनुसार विजयी हुनुभएका ढकालले ३० प्रतिशत मत भार रहेको एशोसिएटमा ५२२ मत प्राप्त गर्दा प्रधानले ३७५ मत पाउनुभएको थियो । यस्तै २० प्रतिशत मत भार रहेको वस्तुगतमा ढकालले ५९ मत र प्रधानले ३९ मत प्राप्त गर्नुभयो । त्यसैगरी ५० प्रतिशत मतभार रहेको जिल्ला/नगरतर्फ ढकालले ५२ मत तथा प्रधानले ५३ मत प्राप्त गर्नुभयो ।

निर्वाचन समितिका अनुसार वरिष्ठ उपाध्यक्षमा विजयी ढकालले समग्रमा ५४.२६ प्रतिशत मत प्राप्त गर्दा उहाँका प्रतिस्पर्धी प्रधानले ४५.७४ प्रतिशत मत प्राप्त गर्नुभयो । यो विजयसँगै ढकाल निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घको २०औँ अध्यक्ष बन्ने निश्चित भएको छ । महासङ्घको विधानअनुसार वरिष्ठ उपाध्यक्ष नै आगामी कार्यकालको अध्यक्ष बन्ने व्यवस्था छ । सोही विधानअनुसार हालका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले अध्यक्षको जिम्मेवारी सम्हाल्दै हुनुहुन्छ ।

वरिष्ठ उपाध्यक्षसहित अन्य पदका लागि ढकाल र प्रधान समूहले प्यानल नै बनाएर उम्मेदवारी दिनुभएको थियो । त्यसमा वस्तुगततर्फको उपाध्यक्षमा अञ्जन श्रेष्ठ, जिल्ला नगरतर्फ दिनेश श्रेष्ठ विजयी हुनुभयो । उहाँहरु दुवै जना प्रधान समूहबाट निर्वाचनमा भाग लिनु भएको थियो ।

वस्तुगततर्फ विजयी हुनुभएका अञ्जन श्रेष्ठले ६२ मत प्राप्त गर्दा उहाँका प्रतिस्पर्धी उमेशलाल प्रधानले ३७ मत पाउनुभयो । जिल्ला नगरतर्फका उपाध्यक्ष दिनेश श्रेष्ठले ५८ मत प्राप्त गरी विजयी हुँदा ढकाल समूहका गुणनिधि तिवारीले ४७ मत प्राप्त गर्नुभयो । यस्तै एसोसिएट्सतर्फ ढकाल समूहका रामचन्द्र संघाई विजयी

*बाँकी अन्तिम पृष्ठमा*

सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९

**जनज्योति कृषि सहकारी संस्था लिमिटेड**

मुख्य कार्यालय रा.वि.न.पा.-९ मलेठ , सप्तरी

पान नं. ३०५११४४१७

चलानी नं :- ८५
पत्र संख्या :- 066/068

मिति २०७७।०८।०७

सम्पूर्ण शेयरधनि महानुभावहरु,

**बिषय : संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा मिति २०७७ कार्तिक १४ गतेमा बसेको यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै सहकारी बिभागबाट मिति २०७७ असोज १ गते जारी भएको सूचना बमोजिम तपसिलको मिति, समय र स्थानमा ईकाई भेलाको माध्यमबाट निम्न प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्नु पर्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिका लागि पत्र पठाई सकिएको छ कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधारमानी यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**प्रस्ताबहरु**

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०७६/७७ को प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
२ संचालक समतिको तर्फबाट कोषाध्यक्षको प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३ लेखा सुपरिबेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.०७६/७७ प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७६/७७ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५ आर्थिक वर्ष ०७७/७८ को प्रस्ताबित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
६ आर्थिक वर्ष ०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बनधमा ।
८ बिविध सम्बन्धमा ।

**कार्यक्रम**

१ मिति २०७७ मंसिर १५ गते देखि १९ गते सम्म उपस्थिति रजिष्टर खुल्ला रहने छ , सो अबधिमा प्रत्येक दिन बिहान ८ बजे देखि ११ बजे सम्म २०० जना र दिउँसो १ बजे देखि ४ बजे सम्म २०० जना गरि जम्मा ४०० जना शेयर सदस्यहरुको उपस्थितिमा सुझाब संकलन तथा प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्ने ।
२ मिति २०७७ मंसिर २० गते शनिवार ईकाइ भेला मार्फत प्राप्त सुझाब र प्रस्ताब उपर छलफल गरि साधारण सभालाई अन्तिम रुप दिने ।

**समय : बिहान ११ बजे देखि**
**स्थान : संस्थाको प्रांगण**

बिश्वनाथ मण्डल
अध्यक्ष

## विश्व समाचार

### अफगानिस्तानमा आत्मघाती आक्रमणमा २६ सुरक्षाकर्मीको मृत्यु

घाज्नी, १४ मङ्सिर (रासस/एएफपी) ।

अफगानिस्तानको घाज्नी प्रान्तमा आइतबार भएको कार बम आक्रमणमा २६ जना सरकारी सुरक्षाकर्मीको मृत्यु भएको छ ।

आत्मघातीले सैनिक शिविरमा गरेको यस किसिमको यो सबैभन्दा घातक आक्रमण हो । पछिल्ला केही महिनादेखि सैनिक शिविरलाई लक्षित गरी यति भिषण आक्रमण गरिएका थिएनन् ।

घाज्नी अस्तालका निर्देशक बाज मोहम्मद हेमातले २६ जनाको मृत्यु भएको र १७ जना गम्भीर घाइते अवस्थाका सैनिक अस्पतालमा ल्याइएको जानकारी दिनुभयो । उहाँले मृतक एवं घाइते सबै सैनिक रहेको बताउनुभयो ।

घाज्नी प्रान्तीय परिषद्का एक सदस्य नासिर अहमद फकिरीले पनि आक्रमणबाट भएको क्षति पुष्टि गर्नुभयो ।

अफगान गृह मन्त्रालयका प्रवक्ता तारिक अरियनले घाज्नीमा एक व्यक्तिले विस्फोटक पदार्थले भरिएको सवारी साधन सैनिक शिविरभित्र विस्फोट गराएको जानकारी दिनुभयो । तर उहाँले के कति सैनिकको मृत्यु भयो भन्ने बारेमा केही बताउन चाहनु भएन । उक्त आक्रमणको कुनै समूहले जिम्मेवारी लिएको छैन ।

### ट्रम्पको कानुनी चुनौती पेन्सिल्भेनिया अदालतद्वारा खारेज

वासिङ्टन, १४ मङ्सिर (रासस/एएफपी) ।

अमेरिकी राज्य पेन्सिल्भेनियाको सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पका तर्फबाट दायर निर्वाचनसँग सम्बन्धित निवेदन शनिबार खारेज गरिदिएको छ । निर्वाचन नतिजा उल्ट्याउने मनसाय राख्दै दायर निवेदनमा पर्याप्त प्रमाण नपुगेको भन्दै अदालतले निवेदन खारेज गरेको हो ।

उक्त निवेदन खारेज भएसँगै राष्ट्रपति ट्रम्पको निर्वाचनमा धाँधली भयो भन्ने तर्कमा अर्को धक्का लागेको छ ।

रिपब्लीकन पार्टीका तर्फबाट दिइएको निवेदनमा हुलाकबाट गरिएको मतदानलाई खारेज गर्न माग गरिएको थियो । पेन्सिल्भेनिया राज्यमा राष्ट्रपति-निर्वाचित जो बाइडेनले ८१ हजार मतको अग्रता सहित चुनाव जित्नु भएको थियो । तर अदालतका न्यायाधीशहरुले सर्वसम्मतिले राष्ट्रपति ट्रम्प र रिपब्लीकन पार्टीले दिएका निवेदन खारेज गरेका थिए ।

पेन्सिल्भेनिया राज्यमा करिब ६९ लाख मतदाताले मतदान गरेका थिए । निवेदनमा पेन्सिल्भेनिया राज्यको सन् २०१९ को कानुनले हुलाकबाट भएको मतदानलाई गैरसंवैधानिक मानेको उल्लेख गरिएको छ ।

पेन्सिल्भेनिया राज्यले गत नोभेम्बर २४ मै औपचारिकरुपमा बाइडेन विजयी हुनुभएको जनाउँदै मतपरिणामलाई प्रमाणित गरिसकेको छ ।

राष्ट्रपति ट्रम्पले गत नोभेम्बर ३ मा भएको राष्ट्रपति निर्वाचनमा व्यापक धाँधली भएको जनाउँदै चुनावी परिणामलाई स्वीकार्न मानिरहनु भएको छैन । उहाँले चुनावमा धाँधली भएकै हो भन्दै दिनहुँ ट्वीट गर्नुका साथै पेन्सिल्भेनियामा बाइडेन विजयी भएको मान्न सकिने अवस्था नरहेको जनाउँदै अनौठा ट्वीट गर्नु भएको छ ।

गत बिहीबार पहिलो पटक राष्ट्रपति ट्रम्पले आगामी डिसेम्बर १४ मा इलेक्टोरल कलेज (निर्वाचक प्रतिनिधि)हरुले बाइडेनलाई निर्वाचित गराए आफू ह्वाइट हाउस छाड्न तयार हुने बताउनु भएको छ ।

आगामी जनवरी २० मा राष्ट्रपतिको शपथ लिनु हुने बाइडेनले ३०६ र राष्ट्रपति ट्रम्पले २३२ इलेक्टोरल मत प्राप्त गर्नु भएको छ । राष्ट्रपति निर्वाचित हुन २७० इलेक्टोरल मत आवश्यक पर्दछ ।

### बोको हरामद्वारा कम्तीमा ४३ जना किसानको हत्या

माइदुगुरी, १४ मङ्सिर (रासस/एएफपी) ।

नाइजेरियाको उत्तरपूर्वी माइदुगुरी शहरमा शनिबार विद्रोही समूह बोको हरामले आक्रमण गरी कम्तीमा ४३ जना किसानको हत्या गरेका छन् । धान खेतमा काम गरिरहेका किसानमाथि भएको बर्बर आक्रमणमा अरु छ जना घाइते भएका छन् ।

बोको हराम विरुद्धको प्रतिकार समितिमा एक सदस्यले कोशोबे गाउँमा बोको हरामका सशस्त्र लडाकूले खेतमा काम गरिरहेका किसानको घाँटी रेटेर हत्या गरेको एएफपीलाई बताए ।

नाइजेरियाका राष्ट्रपति मुहम्मदु बुहारीले उक्त घटनाको निन्दा एवं भर्त्सना गर्नुभएको छ । उहाँले "यी अमानवीय हत्याबाट सिँगै मुलुकस्तब्ध भएको छ" भन्नुभएको छ ।

प्रतिकार समितिका सदस्य बाबाकुडा कोलोले आफूले ४३ जनाको शब फेला पारेको र अरु छ जना गम्भीर अवस्थामा भेटिएको जानकारी दिनुभयो । उहाँले यस क्षेत्रमा बोको हराम समूहले बेलाबेला जघन्य आक्रमण गर्ने गरेकाले यस पटकको आक्रमण पनि उनीहरुले नै गरेको दाबी गर्नुभयो ।

खेतमा काम गर्ने मजदुर उत्तरपश्चिम नाइजेरियाको सोकोतो राज्यका रहेको पाइएको छ । स्थानीयवासी इब्राहिम लिमानले कामको खोजीमा यहाँ आएका ६० जनामध्ये ४३ जनाको हत्या भएको र छ जना गम्भीर घाइते भएको बताउनुभयो ।

अरु आठ जना हराइरहेको र उनीहरुलाई बोको हरामका लडाकूले अपहरण गरेको हुन सक्ने पनि लिमानले बताउनुभयो ।

गत महिना पनि बोको हरामका लडाकूले माइदुगुरी नजिकै सिँचाईको काम गर्ने २२ मजदुरको विभत्स हत्या गरेका थिए ।

आतङ्कवादी संगठन इस्लामिक स्टेटसँग नजिक रहेको मानिएको जिहादी समूह बोको हरामको आक्रमणबाट सन् २००९ यता कम्तीमा ३६ हजारको ज्यान गइसकेको छ भने २० लाखभन्दा बढी मानिस विस्थापित भएका छन् । यो हिंसा छिमेकी मुलुकहरु नाइजर, चाड र क्यामरुनसम्म फैलिएको छ ।

# छिन्नमस्तामा वडा स्तरीय टि ट्वान्टी क्रिकेट प्रतियोगिता सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**
सप्तरीको छिन्नमस्ता गाउँपालिकामा वडा स्तरीय टि ट्वान्टी क्रिकेट प्रतियोगिता आइतबारदेखी प्रारम्भ भएको छ ।

छिन्नमस्ता स्पोर्ट्स क्लब छिन्नमस्ता १ बरही बिरपुरको आयोजना तथा छिन्नमस्ता गाउँपालिकाको सहयोगमा "स्पोर्ट्स क्लबको अभियान राष्ट्रिय स्तरको क्रीकेट मैदान" भन्ने मुल नाराका साथ बरही थान पोखरी क्रिकेट मैदानमा सो प्रतियोगिता प्रारम्भ भएको हो ।

आइतबार सम्पन्न उद्घाटन खेलमा छिन्नमस्ता वडा नं. १ बिजयी भएको छ । पहिलो ब्याटिङ गर्न ओर्लेको वडा न.. १ ले निर्धारित २० ओभरको खेलमा ७ विकेटको क्षतिमा २ सय १९ रनको योगफल तयार गरेको थियो । जसमा रमेश यादव ७०, छत्र नारायण राय ४४ र राजेश यादवले ४० रनको योगदान गरेका थिए ।

त्यसै गरि बलिङतर्फ छिन्नमस्ता वडा नं. ५ का सन्जय मेहता र अभिजित मेहताले समान २/२ विकेट तथा देबानन्द साह, नारायण मेहता र अंकित मिश्रले १/१ विकेट लिएका थिए ।

जवाफी ब्याटिङ गर्न ओर्लेको छिन्नमस्ता वडा नं. ५ ले १३.५ ओभरमा सबै विकेट गुमाउँदै १ सय १३ रन मात्र बनाउन सफल भएको थियो । नारायण मेहताले १४, सन्जय मेहता ११ बाहेक अरु कसैले पनि दोहोरो अंक जोड्न सफल भएनन् ।

यता बलिङतर्फ छत्र नारायण राय, रबेन यादव, सन्तोष यादवले २/२ विकेट र सरि यादव, सन्जीब यादवले १/१ विकेट लिएका थिए ।

यसअघि प्रतियोगिताको छिन्नमस्ता गाउँपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सन्तोष राय र छिन्नमस्ता वडा नं. १ का अध्यक्ष बिनोद कुमार यादवले संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

छिन्नमस्ता स्पोर्ट्स क्लबका संरक्षक तिर्थ नारायण रायको अध्यक्षतामा सम्पन्न कायक्रममा वडा नं. १ का सदस्य रन्जित साह, समाजसेवी ललन प्रसाद यादव, वडा नं. १ का अध्यक्ष बिनोद कुमार यादवले स्वागत मन्तव्य दिएका थिए भने संचालन छिन्नमस्ता स्पोर्ट्स क्लबका अध्यक्ष रवी रायले गरेका थिए ।

# डिप र स्यालो टचुबवेल जडान

लहान, १४ मङ्सिर (रासस) ।
वर्षेनी खडेरीको समस्या खेप्दै आएका सिरहा र सप्तरीका किसानलाई राहत पुग्ने गरी १२ डिप टचुबवेल जडान भएको छ । भूमिगत जलस्रोत र सिँचाइ विकास डिभिजन कार्यालय लहानले सिरहामा छ र सप्तरीमा छ थान डिप टचुबवेल जडान गरेको हो ।

कार्यालयले आव ०७६/०७७ मा सिरहाको मिर्चैया नगरपालिका- ११ सितापुर, सखुवानन्कारकट्टी गाउँपालिका- १ भोर, लक्ष्मीपुर पतारी गाउँपालिका- २ पोखरभिण्डा, मिर्चैया नगरपालिका- १ बिर्ता, बरियारपट्टी गाउँपालिका- २ खोक्सी र नरहा गाउँपालिका- ४ बलुवामा एक/एक थान डिप टचुबवेल जडान गरिएको कार्यालयका प्रमुख सुदर्शनप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

यस्तै सप्तरीको राजविराज नगरपालिका, रुपनी गाउँपालिका, कञ्चनरुप नगरपालिका, सप्तकोशी नगरपालिका, अग्निसाइर कृष्णासबरण गाउँपालिका र कञ्चनरुप नगरपालिका- ८ धर्मेश्वरमा एक/एक थान गरी सप्तरीमा ६ थान डिप टचुबवेल जडान गरिएको उहाँले बताउनुभयो ।

त्यतै सो आवमा सिरहा र सप्तरीमा २६ थान स्यालो टचुबवेल जडान गरेको कार्यालयले जनाएको छ । सो अवधिमा १४ वटा पम्पको मर्मत गरी पुनःसञ्चालनमा ल्याएको, १८ वटा वितरण प्रणाली तथा घर निर्माण गरिएको छ ।

सिरहामा पाँच थान पावर ड्रिलसमेत जडान गरिएको कार्यालयका सूचना अधिकारी पुष्पराज दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार सो आर्थिक वर्षमा ती दुई जिल्लाका १६ स्थानमा विद्युतीकरण पम्प जडान गरिएको छ ।

***कनकपट्टीमा ३४ ...***

विगत १२ वर्षदेखी आवास क्षेत्रमा काम गर्दै आएको केन्द्रले हालसम्म अतिविपन्न तथा दैवी प्रकोपमा परेका पीडित परिवारका लागि सप्तकोशी नगरपालिका, कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, राजविराज नगरपालिका, रुपनी गाउँपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिकामा गरि कुल ४ हजार ३ सय ३५ घर निर्माण गरिसकेको छ ।

# आधुनिक धान काट्ने मेसिन भित्रिदा किसानहरु खुसी

**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**
अहिले कृषि क्षेत्रमा नयाँ-नयाँ प्रविधिका धान काट्ने मेशिन भित्रिएसँगै किसानहरु खुसि भएका छन् ।

परम्परागत खेती प्रणालीमार्फत खेतीपाती गर्दै आएका सप्तरीको छिन्नमस्ता गाँउपालिकाका किसानहरुले विगत ३ वर्षदेखी धान कटाउदै आएका थिए ।

तर, यस वर्ष जिल्लाको १८ वटै स्थानीय तहका किसानहरुले उक्त मेसिनबाट धान कटाउन पाउँदा खुसी भएका छन् ।

दुई वटा मेसिनका मालिक समेत रहेका पर्सा जिल्ला घर भएका मो. मुजादिनले एक विगहाको धान काटन करिब ४५ देखी ६५ मिनेट सम्म लाग्ने गरेको र एक मिनेटको एक सय रुपैयाँ लिने गरेको बताए ।

सो मेशिनले धान एक ठाँउमा र पराल एक ठाउँमा फाल्ने गरेकोले धान काट्ने त्यसपछि आधि छोपने र दाउनी गर्ने र पराल उठाँउने झनझटबाट किसानहरु मुक्त भएका छन् ।

***महासंघको वरिष्ठ ...***

हुनुभएको छ । संघाईले ४५५ मत प्राप्त गर्दा उहाँका प्रतिद्वन्द्वी सौरभ ज्योतीले ४३४ मत प्राप्त गर्नुभयो । महासङ्घको जिल्ला नगरतर्फको कार्यकारिणी सदस्यमा राजन श्रेष्ठ, तारानाथ अधिकारी, कमलकुमार श्रेष्ठ, चक्रबहादुर अधिकारी, अरुनराज सुमार्गी, देवकुमार श्रेष्ठ, रामेश्वर मानन्धर, शोभाकान्त पौडेल, सुरकृष्ण वैद्य, गजेन्द्र भगत, कुविरकुमार श्रेष्ठ, कमानबहादुर खड्का विजयी हुनुभएको छ । यस्तै, गोपाल केडिया, महेन्द्रकुमार श्रेष्ठ, कमलकुमार श्रेष्ठ, उमेश डालमालिया, किशोरकुमार आचार्य विजयी हुनुभएको छ ।

मतपरिणाम सार्वजनिक भएपछि पत्रकारलाई संक्षिप्त प्रतिक्रिया दिँदै ढकालले अब महासङ्घलाई बलियो र सबल संस्थाको रूपमा अगाडि लैजाने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, "अब चुनावसँगै प्यानल पनि सकियो । हामीलाई विश्वास गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु ।"

महुली सामुदायिक विकास केन्द्र (MCDC)
सप्तरी जिल्लाको सामाजिक परिवर्तनका लागि खानेपानी, सरसफाई, स्वच्छता तथा सुशासन सवलिकरण परियोजना (NPL 1060-18)
परियोजना कार्यालय, राजविराज,सप्तरी

## घरभाडामा लिनका लागि/ प्रस्तावना आव्हवान सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मितिः२०७७/०८/१४गते

BMZ/VCA/WHH को आर्थिक सहयोगमा महुली सामुदायिक विकास केन्द्र (MCDC) द्वारा सप्तरी जिल्लामा सञ्चालित वास (WASH) परियोजना कार्यलय प्रयोजनको लागि घर भाडामा लिन आवश्यक भएकाले तपशिल बमोजिमको मापदण्ड र सुविधा सम्पन्न भएको घर भाडामा दिन चाहने ईच्छुक घरधनीहरुवाट आजको मितिले ७ दिन भित्रमा MCDC परियोजना कार्यालय, राजविराजमा आवेदन पेश गर्न सम्वन्धित घर बहाल दिने घरधनीहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

१. आधुनिक प्रविधिवाट निर्माण गरिएको, भूकम्प प्रतिरोधात्मक घर तथा आकस्मिक द्धार भएको हुनुपर्नेछ ।
२. कम्तिमा ६ वटा कोठा (११×१२ फिट), १ वटा मिटिङ्ग हल (१४×२५ फिट) र १ वटा किचेन कोठा, पर्याप्त प्रकाश र हावा आवातजावत हुने कोठा भएको हुनुपर्नेछ ।
३. विद्युत, खानेपानी, भान्साकोठा, कम्तिमा २ वटा ट्वाईलेट र हात धुने सुविधा भएको हुनुपर्नेछ ।
४. सुरक्षित र घेरिएको कम्पाउण्ड र पर्याप्त पार्किङ्गको व्यवस्था (१० वटा २ पांग्रे र १ वटा चार पांग्रे) सवारी साधन पार्किङ्ग गर्न सकिने भएको हुनुपर्ने छ ।
५. आसपासमा जोखिमयुक्त संरचना नभएको हुनुपर्ने छ ।
६. कार्यलय प्रयोजनको लागि पहिलो तल्लालाई र सुरक्षा गार्ड कोठा भएको घरलाई प्राथमिकता दिईनेछ ।
७. मोटर बाटो भएको तथा घर वरिपरि पानी नजम्ने तथा ढलको राम्रो व्यवस्था भएको हुनुपर्नेछ ।
८. बहालमा दिने घर राजजिराज नगारपालिका वडा नं ३ र ८ का क्षेत्र भित्र हुनुपर्नेछ ।

प्रस्तावना दर्ता गर्ने अन्तिम मितिः २०७७ मंसीर २० गते ५ बजे सम्मको रहने छ । प्रस्तावना दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट दर्ता गर्ने समय प्रदान गरिने छ । समय पश्चातको पेश भएको आवेदन मान्य हुने छैन । आवेदन साथ लोकेशन नक्सा समेत राख्नु हुन अनुरोध छ ।

प्रस्तावना स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार कार्यालयको छनौट समितिमा निहित हुनेछ ।

**खरिद समिति**

**महुली सामुदायिक विकास केन्द्र (MCDC)**

**राजविराज न.पा, कन्चनपुर रोड ,सप्तरी**
**फोन : ०३१-५२०२०८**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np